# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन १३ गते २०५९ साल (संख्या १६

## भाग ३

श्री ५ को सरकार

### भौतिक योजना तथा निर्माण मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी हिले-लेगुवाघाट-भोजपुर मार्ग (नारदमुनी थुलुङ्ग सहायक मार्ग) को सडक सीमा सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुबैतर्फ पन्ध्र पन्ध्र मिटर कायम गरेको छ।

#### सूचना २

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३.३ ले दिएको अधिकार प्रयोग गरी काठमाण्डौ उपत्यकाको दीर्घकालीन विकास अवधारणा, २०५९ स्वीकृत गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,

दिनेशचन्द्र प्याकुर्याल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको २०५६ साल असार १८ गतेको निर्णयानुसार नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री नन्दबहादुर सुवेदी-लाई राजपत्रांकित विशिष्ट श्रेणीको पदमा बढुवा गरी सोही कार्यालयको नायब महान्यायाधिवक्ताको पदमा पदस्थापन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारको २०५६ साल असार १० गतेको निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूहका राजपत्रांकित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवा समूहको देहायको पद र कार्यालयमा सरुवा गरिएको छ ।

| क्र.सं. | नाम, थर र हालको पद तथा कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री रामकुमार आचार्य, उपसचिव संसद सचिवालय | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| २. | श्री किरणप्रसाद शिवाकोटी, उपसचिव कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | कानुन अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| ३. | श्री ऋषि राजभण्डारी, उपसचिव कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| ४. | श्री क्षमकप्रसाद शर्मा, कानून अधिकृत कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | उपप्रमुख, न्याय सेवा तालिम केन्द्र |
| ५. | श्री ध्रुवप्रसाद सापकोटा, उपप्रमुख न्याय सेवा तालिम केन्द्र | उपसचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| ६. | श्री कैलाशप्रसाद सुवेदी, कानून अधिकृत कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | उपसचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८

| | | |
|---|---|---|
| ७. | श्री अर्जुनप्रसाद कोइराला, उपसचिव कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |

## सूचना ३

श्री ५ को सरकारको २०५९ साल असार १० गतेको निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवा समूहको पद र कार्यालयमा सरुवा गरिएको छ।

| क्र.सं. | नाम, थर र हालको पद तथा कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री कोमलबहादुर खत्री, कानून अधिकृत कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | शाखा अधिकृत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| २. | श्री हरिराम थापा, कानून अधिकृत कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | शाखा अधिकृत, न्याय सेवा तालीम केन्द्र |
| ३. | श्री ईन्द्रप्रसाद पौडेल, कानून अधिकृत कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | शाखा अधिकृत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ४. | श्री लालबहादुर कुंवर, शाखा अधिकृत अख्तियार दुरुपयोग अनुसन्धान आयोग | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |

आज्ञाले,
विश्वमङ्गल आत्रेय
उपसचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

60